घोराही उप-महानगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
घोराही, दाङ, ५ नं. प्रदेश, नेपाल

फोन-फ्याक्स :
०८२-५६०१६२
५६०३४३
५६१२६८
५६०७००
बारुण यन्त्र : ०८२-५६०४९९
www.ghorahimun.gov.np

पत्र संख्या २०७७/७८ मितिः २०७७/०६/०१

च.नं. ८२

श्री घोराही स्थित सामुदायिक तथा संस्थागत विद्यालयहरु सवै ।

**विषय : विद्यार्थी वर्गिकरण फारम भरी प्रस्तावना पेश गर्ने सम्बन्धमा ।**

प्रस्तुत विषयमा नगर शिक्षा समितिको मिति २०७७।०५।३१ गतेको निर्णयानुसार कोभिड १९ सक्रामक रोगको कारणबाट अबरुद्द रहेको विद्यालय तहको पठनपाठनलाई सुचारु गर्ने सम्बन्धमा शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालयले जारी गरेको विद्यार्थी सिकाइ सहजिकरण निर्देशिका २०७७ बमोजिम मिति २०७७ असोज १ देखि नेपाल अधिराज्य भरी विद्यार्थीको सिकाई सहजिकरण गराउने व्यवस्थाका लागि उक्त निर्देशिका बमोजिमका बैकल्पिक प्रणालीबाट विद्यार्थीको सिकाई सहजिकरण गर्न निम्न बमोजिमको विद्यार्थीको बर्गिकरण फारम शिक्षकहरुलाई भर्न लगाई अभिलेख तयार गरी कुन बैकल्पिक विधि लागु गर्न सकिन्छ सो कुरा खुलाई मिति २०७७।६।५ गते भित्र घोराही उपमहानगरपालिकामा पेश गर्न लगाइ सिकाई सहजिकरण गर्ने व्यवस्था मिलाउने भन्ने भएकोले सोही बमोजिम विद्यार्थी बर्गिकरण गरी तोकिएको मिति भित्र प्रस्तावना पेश गर्नुहुन जानकारीको लागि अनुरोध छ ।

बिजोद गौतम
उप-सचिव
अधिकृत स्तर नवौं

**विद्यार्थी सिकाई सहजिकरण निर्देशिका २०७७ को दफा ३ को उपदफा २ बमोजिम विद्यालयले प्रयोग गर्ने विद्यार्थी वर्गिकरण फारम**

श्री.............................. विद्यालय.......................... घोराही उपमहानगरपालिका ....... वडा न ...............दाङ

| क्र स | विद्यार्थी नाम | कक्षा | अभिभावकको नाम थर ठेगाना | सम्पर्क न | विद्यार्थीको समुह कृत बर्ग | | | | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | क | ख | ग | घ | ङ | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |

क सवै किशिमको प्रविधिको पहुच भन्दा बाहिर रहेका विद्यार्थी समुह

ख रेडियो एफ एममा पहुच भएका विद्यार्थी समुह

ग टेलिभिजनमा पहुच भएका विद्यार्थी समुह

घ कम्प्युटर भएको तर अनलाइन कनेक्टिभिटि नभएको विद्यार्थी समुह

ङ इन्टरनेट तथा सुचना सञ्चार प्रविधिका साधनमा पहुच भएका विद्यार्थी समुह

**सर्वे गर्नेको नाम :** **दस्तखत :** **मिति :**

**पुनश्च**

- २०७७ आश्विन १ गते देखि चैत्र मसान्त सम्म विद्यालय खुल्ने दिने र अनिवार्य विदा हुने दिने जस्तै शनिबार तथा दशै तिहार र माघि विदा हुने दिन लगायतका विदा हुने दिन एकिन गरि जम्मा पठनपाठन हुने दिन कायम गर्ने ।
- धैरैजसो विद्यालयहरुले सिकाई सहजिकरणको क्रममा विद्यालयलाई सिकाइ केन्द्रको रुपमा उपयोग गर्ने बुझिएकोले उक्त तरिकाबाट सहजिकण गर्दा गराउदा एउटा बेन्चमा १ जना मात्र विद्यार्थी राखि सिकाई सहजिकरण गर्ने । विद्यार्थी सख्या हेरी सिफ्टवाइज सिकाइ केन्द्र सञ्चालन गर्न सकिने ।
- विद्यालयहरुले मिति २०७७ असोज १ गते देखि सिकाइ सहजिकरणको प्रक्रिया सुचारु गर्नका लागि विद्यालयहरु सिकाइ केन्द्रको रुपमा खुल्ने भएकोले कोभिड १९ को सक्रमण फैलन नदिन र सिकाइ सहजिकरणलाई प्रभावकारी वनाउनका लागि विद्यालय व्यवस्थापन समिति र प्र अ ले शिक्षक तथा विद्यार्थीहरुलाई आवश्यकता अनुसार निर्देशन दिने ।
- कोभिड १९ को जोखिम र आकस्मिक सक्रमण श्रृजना भएमा शिक्षक तथा विद्यार्थीलाई आकस्मिक स्वास्थ्य सेवा प्रवाह गर्नका लागि घोराही उपमहानगरपालिका स्वास्थ्य शाखा सग समन्वय गरी आवश्यक तयारीको अवस्थामा रहने
- आधारभूत तथा मा विहरूको पुर्व प्रा वि लाई घरमै निगरानीमा राखि सम्बन्धीत शिक्षकलाई होम भिजिटको व्यवस्था गरी सिकाइ सहजिकरणमा सहयोग गर्ने व्यवस्था मिलाउने ।
- विद्यालयमा शिक्षण सहजिकरण कार्य गर्दा वि व्य स, शिक्षक अभिभावक सघ एवम् स्थानीय जनप्रतिनिधि समेतको निर्णय गराई गर्नुहुन ।
- विद्यार्थीका अभिभावकहरुको मन्जुरीनामा समेत अनिबार्य रुपमा गराउनुपर्ने छ ।

बिनोद गौतम
उप-सचिव
अधिकृत स्तर नवौं